नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति २०८०/०५/०२

नेपाल वायुसेवा निगमले २०८० भाद्र २० गते तद्नुसार ०६ सेप्टेम्वर २०२३ देखि काठमाडौबाट साउदी अरेवियाको दमाममा नियमित सिधा उडान (Direct flight) गर्ने गरी आजबाट टिकट बूकिङ्ग खुल्ला गरेको छ। उडान तालिका अनुसार काठमाडौं - दमाम - काठमाडौं सेक्टरमा निगमले हप्ताको दुई दिन बुधबार र शनिवार उडान गर्ने र बजारको माग तथा निगमको वजार व्यवस्थापन अनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको छ।

यात्रुहरुले निगमको कार्यालय वा निगमको वेवसाइट www.nepalairlines.com.np मा log on गरि online बाट वा नजिकको ट्राभल एजेन्सीबाट टिकट लिई सहज रुपमा यात्रा गर्न सक्नु हुनेछ। यसबाट यात्रुहरुलाई थप सुविधा पुग्ने निगमले विश्वास लिएको छ।

(रमेश पौडेल)
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np